## १. कस्ता व्यक्तिलाई अपाङ्गता भएका व्यक्ति भनिन्छ ?

❖ शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इन्पोरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति ।

## २. कस्ता व्यक्तिलाई अपाङ्गता भएका असहाय व्यक्ति भनिन्छ ?

❖ आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफैँ रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति ।

## ३. अपाङ्गताको प्रकार कसरी छुट्याइएको छ ?

❖ शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गता भएका व्यक्तिः

- ⌘ शारीरिक अपाङ्गता
- ⌘ दृष्टिसम्बन्धी अपाङ्गता
  - दृष्टिविहीनता
  - न्यूनदृष्टियुक्त
  - पूर्ण दृष्टिविहीन

❖ सुनाइसम्बन्धी अपाङ्गता

- बहिरा
- सुस्तश्रवण

❖ श्रवण दृष्टिविहीन अपाङ्गता
❖ स्वर र बोलाइसम्बन्धी अपाङ्गता
❖ मानसिक वा मनोसामाजिक अपाङ्गता
❖ बौद्धिक अपाङ्गता
❖ अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता
❖ अटिज्मसम्बन्धी अपाङ्गता
❖ बहुअपाङ्गता

## ४. अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरण कसरी गरिएको छ?

❖ पूर्ण अशक्त अपाङ्गता
❖ अति अशक्त अपाङ्गता
❖ मध्यम अपाङ्गता
❖ सामान्य अपाङ्गता



## ५. स्थानीय निकायबाट के-कति प्रकारका अपाङ्गताको परिचयपत्र वितरण गरिन्छ ?

❖ पूर्ण अशक्त अपाङ्गता
❖ अति अशक्त अपाङ्गता
❖ मध्यम अपाङ्गता
❖ सामान्य अपाङ्गता

## ६. अपाङ्गता भएका व्यक्तिका के-कस्ता संवैधानिक हकहरु रहेका छन् ?

❖ सम्मानपूर्वक बाँच्न पाइने हक,
❖ कानूनको दृष्टिमा समान हुने, कानूनको समान संरक्षणबाट वञ्चित नगरिने हक,
❖ सामान्य कानूनको प्रयोगमा शारीरिक अवस्था वा अपाङ्गतालगायतका आधारमा भेदभाव नगरिने हक,
❖ अपाङ्गता भएका व्यक्तिको संरक्षण, सशक्तीकरण तथा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न सकिने हक,
❖ अपाङ्गता भएका व्यक्तिलाई समावेशी, समानुपातिक सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक,
❖ अपाङ्गता भएका व्यक्तिलाई मर्यादित र आत्म-सम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक,
❖ अपाङ्गता भएका व्यक्तिलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक,
❖ जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा अपाङ्गता भएका व्यक्तिलाई न्याय एवं उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानूनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक ।

## ७. अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा कानूनले के कस्तो अधिकारको व्यवस्था गरेको छ ?

❖ भेदभाव विरूद्धको अधिकार,
❖ सामुदायिक जीवनको अधिकार,
❖ संरक्षकको अधिकार,
❖ राजनीतिक सहभागिताको अधिकार,
❖ नीति निर्माणमा सहभागिताको अधिकार,
❖ संस्था खोल्ने अधिकार,
❖ सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार,
❖ सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार,
❖ सामाजिक सुरक्षाको अधिकार,
❖ सूचना तथा जानकारीको अधिकार,
❖ आवात जावतको अधिकार ।

## ८. अपाङ्गता भएका बालबालिकाको थप अधिकार के-के रहेका छन् ?

- ❖ आफ्नो मान, प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रूपले सहभागी हुने तथा सम्मानजनक तवरले जीवन व्यतीत गर्ने अधिकार,
- ❖ समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार,
- ❖ अन्य बालबालिकासरह समान आधारमा निजलाई प्रभाव पर्ने विषयमा आफ्नो धारणा व्यक्त गर्ने अधिकार र उनीहरूका धारणालाई उमेर र परिपक्वता आधारमा उचित सम्मान पाउने अधिकार,
- ❖ निजको सर्वोत्तम हितका लागि अदालतबाट आदेश भएको अवस्थामा बाहेक अपाङ्गता भएका कारणबाट निजको घरपरिवारबाट अलग नगरिदिने अधिकार,
- ❖ नेपाल सरकारले बौद्धिक अपाङ्गता, मानसिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात वा श्रवण दृष्टिविहीन अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ आवश्यकतालाई सम्बोधन गर्न पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइलगायतका विषयमा उपयुक्त व्यवस्था गर्ने अधिकार,

## ९. अपाङ्गता भएका व्यक्ति विरुद्ध के-कस्ता कार्यहरू गर्न पाइँदैन ?

- ❖ अपाङ्गताको आधारमा मात्र शिक्षा र तालिम दिने वा सांस्कृतिक कार्यक्रम गर्ने कुनै पनि संस्था वा क्लब वा समुदाय वा समारोहमा प्रवेश गर्नबाट रोक्न ।
- ❖ अरूले पाएसरहको राजनैतिक अधिकार तथा आर्थिक र सार्वजनिक सुरक्षा पाउन, रोजगारी पाउन, व्यवसायमा संलग्न हुन तथा मानवोचित सम्मानपूर्ण जीवनयापन गर्न पाउने समेतका अधिकारबाट वञ्चित गर्न ।
- ❖ साधारणतया सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियुक्ति वा बढुवामा अपाङ्गताको आधारमा भेदभाव गर्न ।

## १०. अपाङ्गता भएका व्यक्तिको शिक्षा सम्बन्धमा के-कस्ता व्यवस्थाहरू गरिएका छन् ?

- ❖ नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराइने,
- ❖ नेपाल सरकारले तोकिदिएबमोजिमका शैक्षिक संस्थाद्वारा निस्शुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराउने,
- ❖ शैक्षिक संस्थामा निःशुल्क भर्ना लिने,
- ❖ व्यावसायिक तथा प्राविधिक शिक्षा निस्शुल्क रूपमा हुने,
- ❖ शिक्षण संस्थाले आफ्नो संस्थाको अतिरिक्त क्रियाकलाप, शैक्षिक सामग्रीको वितरण र पहुँचमा समान व्यवहार गर्नुपर्ने,
- ❖ शिक्षा हासिल गर्न सहज बनाउन आवश्यकताबमोजिम ब्रेल वा वैकल्पिक लिपि, साङ्केतिक भाषा, सूचना प्रविधिको साधन र दौँतरीबाट सिक्ने जस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउने,
- ❖ दृष्टिविहीन, बहिरा, सुस्तश्रवण, श्रवणदृष्टिविहीनलाई उपयुक्त भाषा तरिका, लिपि, पाठ्यक्रम, पाठ्यपुस्तक लगायतका पहुँचयुक्त सूचना प्रविधिको माध्यमबाट तोकिएबमोजिम शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने,
- ❖ विपन्नता, भौगोलिक विकटता वा अपाङ्गताको गम्भिरता समेतका आधारमा आवास सुविधासहितको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,
- ❖ व्यावसायिक तथा प्राविधिक शिक्षा, प्रौढ शिक्षा, व्यवहारिक शिक्षा र आजीवन सिकाइमा पहुँच प्राप्त गर्न सक्षम बनाइने,
- ❖ अपाङ्गताको वर्गीकरणका आधारमा आवश्यकता अनुसार अपाङ्गता भएका विद्यार्थीको परीक्षा तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा छुट्टै व्यवस्था गर्ने,
- ❖ अपाङ्गतामैत्री शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने,
- ❖ शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित हुनेगरी मन्त्रालयले निर्धारण गरेको मापदण्डबमोजिम विद्यालय भवन तथा अन्य भौतिक संरचनाको निर्माण गर्नुपर्ने,
- ❖ निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाले नेपाल सरकारले निर्धारण गरिदिएबमोजिमको संख्यामा अपाङ्गता भएका विद्यार्थीलाई निस्शुल्क अध्ययनको सुविधा उपलब्ध गराउनु पर्ने,
- ❖ छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराउने,
- ❖ अपाङ्गता भएका विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्न विशेष तालिमको व्यवस्था गर्ने तथा शैक्षिक सामाग्री निःशुल्क उपलब्ध गराउने ।

## ११. अपाङ्गता भएका व्यक्तिको रोजगार सम्बन्धमा के-केस्ता व्यवस्थाहरू छन् ?

- ❖ नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको सीप अभिवृद्धि गरी व्यवसायिकता विकास तथा स्वरोजगारीको अवस्था सृजना गर्न व्यावसायिक तालिम उपलब्ध गराउने,
- ❖ नेपाल सरकाले विभिन्न पेसा वा व्यवसाय गर्न चाहने अपाङ्गता भएका व्यक्तिलाई निजमा रहेको सीप, क्षमता तथा पेसा, व्यवसायका लागि निजले तयार गरेको प्रस्तावनाका आधारमा तोकिएबमोजिम सहुलियत दरमा ऋण उपलब्ध गराउने,
- ❖ कुनै प्रतिष्ठानले अपाङ्गता भएका व्यक्ति विरूद्ध रोजगारी तथा सोसँग सम्बन्धित कुनै विषयमा भेदभाव गर्न नपाइने,
- ❖ प्रतिष्ठानले अपाङ्गता भएका कामदार वा कर्मचारीका लागि सहज ढङ्गले काम गर्नसक्ने व्यवस्था मिलाउनुपर्ने,
- ❖ कसैले पनि अपाङ्गता भएका कारणले मात्र कुनै व्यक्तिलाई बढुवाको अवसरबाट वञ्चित गर्न वा बढुवा गर्न इन्कार गर्न नपाउने,

❖ प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि रोजगारी दिने निकाय तथा संस्थाले रोजारीका सिलसिलामा अपाङ्गता भएको कामदार तथा कर्मचारीलाई रोजगारबाट हटाउने वा पदबाट घटुवा गर्न नपाइने,

## १२. अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य सम्बन्धमा के-कस्ता व्यवस्थाहरू छन् ?

❖ नेपाल सरकारले तोकिएबमोजिमको आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको उपचारको लागि सरकारी अस्पतालमा भर्ना भएका अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य सेवा तथा स्पिच थेरापी, अकोपेसनल थेरापी लगायतका आवश्यक थेरापी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने,

❖ नेपाल सरकारले अपाङ्गता भएका कारणले खानुपर्ने औषधि तथा अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने फ्याक्टर तोकिएका आधारमा निःशुल्क उपलब्ध गराउने,

❖ नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचारको लागि अस्पतालसम्म पहुँचका लागि रहेका अवरोधहरू हटाउन आवश्यक व्यवस्था गर्ने,

❖ अस्पतालका स्वास्थ्यकर्मीले अस्पतालमा उपलब्ध भएसम्मको गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्राथमिकताका साथ अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराउनुपर्ने,

❖ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित पच्चीस शय्याभन्दा बढी शय्या भएका अस्पतालमा कम्तीमा दुई शय्या अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित राख्नुपर्ने,

❖ नेपाल सरकारले निरोध वा निवारण हुनसक्ने अपाङ्गपनको निरोध तथा निवारण गर्न र अपाङ्गपन तुल्याउने कारक तत्वहरू पत्ता लगाई त्यसको निरोध, निवारण, नियन्त्रण, उन्मूलन र उपचार गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,

❖ नेपाल सरकारले अपाङ्गताबाट सृजना हुने अङ्ग र आङ्गिक कार्यको विचलन न्यूनीकरणका लागि नजिकको अस्पतालबाट उपचार प्रदान गर्न आवश्यक व्यवस्था गर्ने,

## १३. अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापना सम्बन्धमा के-कस्ता व्यवस्थाहरू छन् ?

❖ नेपाल सरकारले पूर्ण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई पुनर्स्थापना गर्ने,

❖ अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त आवासको व्यवस्था गर्न तथा सशक्तीकरण गरी समाजमा पुनर्स्थापना गर्ने प्रयोजनको लागि नेपाल सरकारले आवश्यकताअनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नसक्ने,

❖ कुनै संस्थाले तोकिएबमोजिम स्वीकृति लिई पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्नसक्ने,

❖ पुनर्स्थापना केन्द्रलाई नेपाल सरकारले तोकिएबमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्ने,



❖ पुनर्स्थापना केन्द्रमा हुनुपर्ने भौतिक तथा अन्य पूर्वाधार, व्यवस्थापन र सञ्चालनसम्बन्धी मापदण्ड तथा अनुगमनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने ।

## १४. अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षा सम्बन्धमा नेपाल सरकारले के-कस्ता कार्यक्रम ल्याउन सक्नेछ ?

❖ सुरक्षा तथा स्वास्थ्य सेवासहितको सामुदायिक आवास सुविधा विकास गर्ने,

❖ असहाय बालबालिका तथा परिवारबाट त्यागिएका अपाङ्गता भएका व्यक्तिको लागि आवासको व्यवस्था गर्ने,

❖ जीवन बिमा, स्वास्थ्य बिमा र दुर्घटना बिमा गराउन,

❖ औषधी तथा आवश्यक सहायक सामग्री उपलब्ध गराउन,

❖ तोकिएको आधारमा बेरोजगारी भत्ता, जीवनयापन भत्ता तथा वृद्ध भत्ता उपलब्ध गराउन,

❖ तोकिएको अवस्थाका अपाङ्गता भएका व्यक्तिका सहयोगीको लागि भत्ता उपलब्ध गराउन,

❖ अपाङ्गता भएका व्यक्तिको विकासका लागि सर्वमान्य ढाँचाको विकास तथा प्रयोगमा सहयोग गर्ने ।

## १५. अपाङ्गता भएका व्यक्तिले के-कति अशक्त वृत्ति पाउँछन् ?

❖ नेपाल सरकारले पूर्ण अपाङ्ग भएका व्यक्तिहरूलाई मासिक रू. १०००/- र आंशिक अपाङ्गता भएका व्यक्तिहरूलाई मासिक रू.३००/- अशक्त वृत्ति दिने गरेको छ ।

## १६. अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सहायक सामग्रीहरू कहाँ उपलब्ध हुन्छन् ?

❖ समुदायमा आधारित पुनस्थापना केन्द्र, विराटनगर

❖ राष्ट्रिय अपाङ्ग कोष भृकुटीमण्डप, काठमाडौँ

❖ ग्रिनपाश्चर अस्पताल तथा पुरस्थापना केन्द्र, हरियोखर्क पोखरा

❖ अपाङ्ग सशक्तीकरण एवं सञ्चार केन्द्र (डेक, नेपाल), कोहलपुर, बाँके

❖ नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA), कञ्चनपुर

## १७. अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकार तथा मनोरञ्जन सम्बन्धमा नेपाल सरकार तथा स्थानीय निकायले के कस्तो व्यवस्था गर्नेछन् ?

❖ अपाङ्गता भएका व्यक्तिमा रहेको सीप, कला, प्रतिभा तथा साहित्य प्रतिको रूचिको सम्मान र विकासका लागि आवश्यक छात्रवृत्ति, सुविधा तथा सहयोग उपलब्ध गराउने,

❖ सेवा सुविधा तथा पूर्वाधारलाई अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउन आवश्यक प्रविधि तथा कलाको विकास गर्ने,

❖ अपाङ्गता भएका व्यक्तिलाई सेवा उपलब्ध गराउने मनोरञ्जन केन्द्र तथा संघसंस्थालाई सहयोग गर्ने,
❖ अपाङ्गता भएका व्यक्तिलाई अतिरिक्त क्रियाकलापमा भाग लिन प्रोत्साहन गर्ने,
❖ तोकिएबमोजिमका अन्य कार्य गर्ने, गराउने ।

**१८. अपाङ्गता भएका व्यक्तिको खेलकुद सम्बन्धमा नेपाल सरकारले के-कस्ता व्यवस्थाहरू रहेको छ ?**

❖ अपाङ्गता भएका व्यक्तिको खेलकुद प्रतिको प्रतिभा तथा क्षमतालाई उजागार गर्न आवश्यक प्रविधिको विकास तथा प्रयोग गर्ने,
❖ अपाङ्गता भएका व्यक्तिलाई समावेश गरी खेलकुद प्रतियोगिता आयोजना गर्ने,
❖ खेलकुदसँग सम्बन्धित अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय स्तरका संयन्त्रमा अपाङ्गता भएका व्यक्तिलाई प्रभावकारी छुट्याउनमा प्रतिनिधित्व गराउने,
❖ विद्यालयस्तरमा सञ्चालन गरिने खेलकुद तथा अतिरिक्त क्रियाकलापमा अन्य बालबालिकासरह अपाङ्गता भएका बालबालिकालाई सहभागी गराउने तथा उनीहरूलाई अपाङ्गताको प्रकृतिका आधारमा विकास गरिएको खेलकुदमा सहभागी गराउन उपयुक्त प्रशिक्षण, तालिम, प्रतियोगिता र सोका लागि स्रोतको व्यवस्था गर्ने ।

**१९. मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका थप अधिकारहरू के-के छन् ?**

❖ नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई निज, निजको परिवारको कुनै सदस्य वा संरक्षकले छनौट गरेको सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा गई उपचार प्राप्त गर्ने अधिकार,
❖ आवश्यक पर्ने औषधि र परामर्श सेवा निःशुल्क प्राप्त गर्ने अधिकार,
❖ घर परिवारबाट उपेक्षित भएका मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई उपचार गरी पुर्नस्थापना गर्ने वा पारिवारिक पुनर्मिलन हुन पाउने अधिकार,

**२०. अपाङ्गता भएका व्यक्तिले पाउने अन्य सुविधा तथा सहुलियतहरू के-के छन् ?**

❖ अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण प्राप्त गर्ने अधिकार,
❖ सवारी साधनको धनी वा सञ्चालकले तोकिएबमोजिमका अपाङ्गता भएका व्यक्तिलाई बस, रेल, हवाइजहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा यात्रु भाडामा पचास प्रतिशत छुट प्राप्त गर्ने,
❖ अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक साधन, उपकरण वा औजार, अपाङ्गमैत्री सवारी साधन तथा अपाङ्गता भएका व्यक्तिको शिक्षा, तालिम वा स्वरोजगारका लागि प्रयोग हुने मालसामान, यन्त्र, पाटपुर्जा तथा कच्चा पदार्थमा प्रचलित कानूनबमोजिम भन्सार, अन्तस्शुल्क, स्थानीय कर वा अन्य दस्तुर सम्पूर्ण वा आंशिक छुट प्राप्त गर्ने,
❖ अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने उद्देश्य राखी स्थापना भएका प्रतिष्ठानमा जडित यन्त्रलाई अपाङ्गमैत्री बनाउन विशेष रूपमा फेरबदल वा पार्टपुर्जा जडान गर्दा भएको खर्चमा तोकिएबमोजिम कर छुट दिनसक्ने,
❖ अपाङ्गता भएका व्यक्तिलाई निस्शुल्क शिक्षा दिने संस्थागत विद्यालयलाई सो बापतको रकम करमा छुट दिनसक्ने,
❖ तोकिएबमोजिमका अपाङ्गता भएका व्यक्तिका छोरा छोरीलाई तोकिएबमोजिम निःशुल्क शिक्षाको व्यवस्था गर्ने,
❖ अपाङ्गता भएका व्यक्तिलाई मात्र तालिम वा रोजगारी दिने वा रोजगारीको व्यवस्था गरिदिने सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैंक तथा वित्तीय संस्थाबाट सहुलियत ब्याज दरमा ऋण दिलाउने व्यवस्था गर्न सक्ने,
❖ अपाङ्गता भएका व्यक्तिलाई रोजगारी वा तालिम दिने उद्देश्यले स्थापना भएका वा तोकिएको भन्दा बढी संख्यामा अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने प्रतिष्ठानलाई नेपाल सरकारले विशेष सहुलियत दरमा ऋण उपलब्ध गराउन, प्रचलित कानूनबमोजिम कर छुट दिन वा अपाङ्गता भएका व्यक्तिलाई कार्यस्थलमा सुरक्षाका लागि आवश्यक पर्ने उपकरण आयात गर्दा, कच्चा पदार्थ उपलब्ध गराउँदा वा बजार व्यवस्थापन कार्यका लागि छुट तथा सहुलियत प्रदान गर्न सक्ने ।

**२१. अपाङ्गता भएका व्यक्तिप्रति सरकारको दायित्व के रहेको छ?**

❖ अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुन्छ,
❖ राज्यका तर्फबाट अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने सहयोग सहज रूपमा उपलब्ध गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुन्छ,
❖ आफ्नो क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तवरबाट उपलब्ध हुनसक्नेसम्मका सेवा, सुविधा तथा अवसर उपलब्ध गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुन्छ,
❖ अपाङ्गता भएका व्यक्तिले विना भेदभाव अन्य व्यक्तिसरह समान रूपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितताका लागि नेपाल सरकारले तोकिएबमोजिमका उपायहरूको अवलम्बन गर्नुपर्छ ।

**२२. अपाङ्गता भएका व्यक्तिप्रति शिक्षण संस्थाको दायित्व के रहेको छ?**

❖ अपाङ्गता भएका व्यक्तिलाई शिक्षासम्बन्धी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुन्छ ।

२३. **अपाङ्गता भएका व्यक्तिप्रति परिवारका सदस्य तथा संरक्षकको दायित्व के रहेको छ ?**

- परिवारका सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको अवस्थाबमोजिम विशेष ध्यान दिई हेरविचार तथा पालनपोषण गर्ने र शिक्षाको अवसर उपलब्ध गराउनुपर्छ,
- अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार नगराएमा थप जोखिममा पर्ने भएमा परिवारका सदस्य वा संरक्षकले निजलाई तत्काल उपचारको लागि नजिकको अस्पताल वा नेपाल सरकारले तोकिदिएको स्वास्थ्य संस्थामा पुऱ्याउनुपर्ने,
- अपाङ्गता भएका व्यक्तिलाई घर परिवारबाट निकाला गर्न वा अवहेलना गर्न नपाइने,
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले अपाङ्गता भएका व्यक्तिका परिवारलाई अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व निर्वाह गर्न सहयोग पुग्ने गरी स्वयं हेरचाह र स्याहारसुसारसम्बन्धी तालिम तथा अन्य आवश्यक सेवा सहायता उपलब्ध गराउनु पर्छ ।

२४. **अपाङ्गता भएका व्यक्तिप्रति चिकित्सकको दायित्व के रहेको छ ?**

- चिकित्सकले आफूसमक्ष उपचारका लागि आएको कुनै व्यक्तिमा अपाङ्गता हुने जोखिम छ भन्ने लागेमा त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई गराइ सोतर्फ समेत उचित ध्यान दिई उपचार गर्नुपर्छ,
- चिकित्सकले अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिई अपाङ्गतामैत्री वातावरणमा उपचार गर्नुपर्नेछ र कुनै कारणवश आफूले उपचार गराउन नसक्ने भएमा उपचार हुनसक्ने ठाउँमा सिफारिस गर्नुपर्छ ।

२५. **अपाङ्गता भएका व्यक्तिको हक हनन हुन गएमा के गर्नुपर्छ ?**

- अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन गरेमा वा अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व पूरा नगरेमा अपाङ्गता भएका व्यक्ति स्वयंले वा निजको परिवारका कुनै सदस्य वा संरक्षकले सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सकिन्छ ।
- निवेदन प्राप्त भएमा प्रमुख जिल्ला अधिकारीले सात दिनभित्र सम्बन्धित व्यक्ति वा निकाय बुझी सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नुपर्छ,
- जाँचबुझ गर्दा कुनै व्यक्तिले अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरेको पाइएमा वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गरेको नदेखिएमा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलन गराउन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गर्न सम्बन्धित व्यक्तिलाई आदेश दिनुपर्छ,
- जाँचबुझ गर्दा कुनै निकाय वा संस्थाले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगराएको देखिएमा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउनका लागि सम्बन्धित निकाय वा संस्थामा लेखी पठाउनुपर्छ,
- लेखी आएमा सम्बन्धित निकाय वा संस्थाले अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउने व्यवस्था मिलाउनुपर्छ,
- अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउँदा प्रमुख जिल्ला अधिकारीले अपाङ्गता भएका व्यक्तिको परिवारका सदस्य वा संरक्षकलाई आवश्यक सुझाव दिन, सचेत गराउन वा आदेश दिन सक्दछन्,
- प्रमुख जिल्ला अधिकारीले दिएको आदेशउपर चित्त नबुझ्नेले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिन्छ ।

२६. **कस्तो अधिकार प्रचलन गराउन जिल्ला अदालतमा निवेदन दिन सकिन्छ ?**

- अपाङ्गता भएका व्यक्ति, निजका परिवारका सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलन वा निज प्रतिका दायित्व पूरा गराउन जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सकिने भए तापनि अपाङ्गता भएका व्यक्ति रहे बसेको जिल्लाको जिल्ला अदालतसमक्ष सोझै निवेदन दिन पनि सकिन्छ ।
- निवेदन पर्न आएमा जिल्ला अदालतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन गर्ने वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गराउने सम्बन्धमा सम्बन्धित व्यक्ति वा निकायका नाउँमा उपयुक्त आदेश जारी गर्न सक्दछ ।
- प्राप्त भएको निवेदन जाँचबुझ गर्दा परिवारको कुनै सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन गरेको वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा गरेको नदेखिएमा अदालतले त्यस्तो परिवारको सदस्य वा संरक्षकलाई अपाङ्गता भएका व्यक्तिको अधिकार र निज प्रतिको दायित्वको विषयमा आवश्यक जानकारी गराइ अपाङ्गता भएका व्यक्तिको अधिकारको उल्लङ्घन नगर्न वा निज प्रतिको दायित्व पूरा गर्ने प्रतिबद्धता प्रकट गर्न लगाउनु पर्दछ ।
- आदेश जारी गर्दा जिल्ला अदालतले अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गर्ने वा अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व पूरा नगर्ने व्यक्ति, संस्था वा निकायका प्रमुखलाई सचेत गराउन वा सजाय गर्न र निजबाट मनासिब क्षतिपूर्ति भराउने आदेश गर्न सक्दछ ।

२७. **के-कस्ता कार्यहरू अपाङ्ग विरुद्धको कसूर अपराध मानिन्छन् ?**

- अपाङ्गता भएका व्यक्तिलाई घृणा, हेला, उपहास वा तिरस्कार गर्ने, जानीजानी निजको आत्म सम्मानमा चोट पुऱ्याउने कुनै कार्य गर्ने,
- अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्रीको प्रयोगमा अवरोध वा हस्तक्षेप गर्ने वा त्यस्तो सामग्री खोस्ने वा बिगार्ने,
- अपाङ्गता भएका व्यक्तिलाई भिक्षा माग्न लगाउने ।

**२८. अपाङ्गतासम्बन्धी कसूर / अपराध गरेमा के कस्तो सजाय हुन्छ ?**

❖ कसैले झुट्टा विवरण दिई परिचयपत्र लिएमा त्यस्तो व्यक्तिलाई एक महिनादेखि तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ ।
❖ कसैले घृणा, हेला वा तिरस्कार गरेमा त्यस्तो व्यक्तिलाई तीन महिनादेखि नौ महिनासम्म कैद वा तीसहजार रूपैयाँदेखि नब्बेहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
❖ उक्त कसूर गर्न दुरूत्साहन गर्ने, उद्योग गर्ने वा मतियार भई सहयोग गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुन्छ ।
❖ भिक्षा माग्न वा माग्न लगाउनेलाई प्रचलित कानूनबमोजिम हुने सजायमा पचास प्रतिशत थप सजाय हुन्छ ।
❖ पटके कसूरदारलाई सजायमा पच्चीस प्रतिशत थप सजायसमेत हुन्छ ।
❖ कुनै व्यक्तिले अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरेमा वा निज प्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रूपैयाँसम्म जरिवाना हुन्छ।
❖ माथि लेखिएदेखि बाहेक अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ विपरीत काम गर्ने व्यक्ति वा कुनै संस्था वा निकायका प्रमुखलाई पचास हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।

**२९. अपाङ्गता भएका व्यक्तिहरूले निःशुल्क कानूनी सहायता कसरी प्राप्त गर्न सक्दछन् ?**

❖ सम्बन्धित जिल्ला कानूनी सहायता समितिबाट निःशुल्क कानूनी सहायता प्राप्त गर्न सक्दछन् ।
❖ सम्बन्धित जिल्ला अदालतमा सम्पर्क गरी वैतनिक कानून व्यवसायीबाट निःशुल्क कानूनी सहायता प्राप्त गर्न सक्दछन् ।

**३०. अपाङ्गता भएका व्यक्तिका हक, हित संरक्षणसँग सम्बन्धित कानूनहरू के के रहेका छन्?**

❖ नेपालको संविधान
❖ अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४
❖ सामाजिक सुरक्षा ऐन, २०७५

**सम्पर्क ठेगानाः**

**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
रामशाहपथ, काठमाडौं नेपाल ।

फोन नं. : ०१-४२००७५५, ०१-४२००७२९
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np

